# धौलागिरी गाउपालिकाको आयोजना
# र कालिगण्डकी सामुदायिक विकास मञ्च (कदम) म्याग्दी
# को सहजिकरण तथा व्यवस्थापनमा सञ्चालित
# धवलागिरी गाउँपालिकाको आ.व. २०७५/०७६को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रमको
# प्रतिवेदन

**सहज कर्ता : सन्तोष गौतम, प्रतिनिधि म्याग्दी मिडिया सोसाइटी**

## सार्वजनिक सुनुवाई गरिएका विषयहरु

क) गाउँपालिका कार्यालयद्धारा आर्थिक वर्ष २०७५/७६ मा सञ्चालित योजना तथा कार्यक्रम ।

ख) गाउँपालिका र वडा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधा ।

ग) विकास निर्माण ।

**कार्यक्रम स्थल-** प्रगतिशिल आमा समूहको भवन परिसर कुम्रि ।

**मिति र समय-** २०७५ फागुन ४ गते शनिबार ।

**सहभागी संख्या:-   १५० जना भन्दा वढि**

## उठेका प्रश्न, जिज्ञाशा र उत्तर

| क्र. स | प्रश्नकर्ताको नाम | प्रश्न/गुनासो/ सुझाव | उत्तरदिने व्यक्ति | जवाफको ब्यहोरा |
|---|---|---|---|---|
| १ | बालकृष्ण सुवेदी | गाउँपालिकाको कार्यालय टाढा र यातायातको असुबिधाका कारण मराङ मल्कवाङका बासिन्दालाई समस्या भएको छ। पर्याप्त कर्मचारीको व्यवस्था हुन सकेन्। वडाको विकासको बारेमा सरोकारवालाहरुसँग छलफल गरिएन्।<br><br>कार्यालय बेनी हो की मुना अलमल भयो ? | थमसरा पुन, अध्यक्ष | टाढा र दुर्गम भएकाले घुम्ती शिविर मार्फत सेवा दिने व्यवस्था मिलाएका छौ । सडकमा पुल बनाएर यातायात सेवालाई सहज बनाउदैछौ । वडामै योजना सम्झौता गर्न लागेका छौ । टाढा भयो भनेर कर्मचारी आउन नमान्ने समस्या छ । सिमिति कर्मचारीबाट सेवा प्रवाह गराउनुपर्ने बाध्यतामा छौ । वडामा हिजोको सर्वदलीय जस्तो छैन् । सबैलाई बोलाएर भेला बैठक गर्ने विगतको जस्तो बजेट पनि हुदैन् । वडाको विकास निर्माणको विषयमा योजना बनाउने अधिकार वडा पालिका र गाउँपालिकालाई हुन्छ । अरुले सल्लाह सुझाव दिने हो । कार्यालय अहिले मुनामा छ । बेनीबाट सबै उठाएर मंसिरमै मुनामा आएको हो । सबै काम मुनाबाटै हुन्छ। |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २. | कविराज केसी, मराङ | मराङ, मल्कवाङ जोड्ने सडक ठेक्काबाट हो की उपभोक्ताबाट सञ्चालन हुने हो ? कहिले काम सुरु हुन्छ ? | थमसरा पुन, गाउँपालिका अध्यक्ष | गाउँपालिकाले बिनियोजन गरेको चालीस लाखको काम उपभोक्ता समितिबाट हुन्छ । प्रदेशले बजेट बिनियोजन गरेको योजना ठेक्काबाट हुन्छ । पूर्वाधार विकास कार्यालयले ठेक्का प्रक्रिया अघि बढाएको छ । |
| ३ | अमिसरा विक | -गाउँपालिकाको कार्यालय मुना टाढा भयो । ताकम सम्म सार्न मिल्दैन ? | थमसरा पुन, गाउँपालिका अध्यक्ष | -केन्द्रको बिवाद हामी आउनु अघि देखिकै हो । गाउँसभाको दुई तिहाई बहुमतले मुनामा केन्द्र कायम गरेको हो । अब परिवर्तन गर्न सम्भव छैन् । बरु कसरी सहज र सरल रुपमा सेवा दिन सकिन्छ भनेर अन्य विकल्प सोच्नुपर्छ । |
| ४ | श्रीलाल पौडेल | -आगोलागीमा घर जलेर मेरो सबै कागजात नष्ट भयो । नागरिकता छैन् । अब मैले कसरी प्रतिलिपी पाउन सक्छु ? | लीलाधर अधिकारी, प्रजिअ | ५ जना मानिसको मुचुल्का सहित वडाको सिफारिस बनाउनुहोस यही नै नागरिकताको प्रतिलिपी दिन्छौ । |
| ५ | सवीना विश्वकर्मा | आमा समूह, युवा कल्व दर्ता प्रक्रिया के के छ ? | लीलाधर अधिकारी, प्रजिअ | संस्था दर्ता ऐन २०३४ अनुसार गाउँपालिकाको सिफारिस र प्रहरीबाट संस्थापकहरुको चालचलन बुझेर संस्था दर्ता गर्ने प्रक्रिया छ । अब कल्व, आमा समूह गाउपालिकामै दर्ता गरे हुन्छ । पालिकाले कानुन बनाउनुपर्छ यसका लागि । |
| | | | | |

**नोट- सार्वजनिक सुनुवाईमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माबाट आर्थिक वर्ष २०७५/७६ को योजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्थाको विषयमा विवरण सार्वजनिक भएको थियो ।**

२०७५ फागुन ८ गते
**प्रतिवेदन दिएको मिति**

**संयोजकको दस्तखत**